# मधेशी आयोग

ज्वागल, ललितपुर

फोन नं: ०१-५२६११८५
टोलफ्रि नं:१६६००११६१८५

मिति-२०८०/०१/०६

## प्रेश विज्ञप्ति

**मिटरब्याजी पीडितहरुको समस्या समाधान सम्बन्धमा ।**

विगतका वर्षहरुदेखि नै गाउँगाउँमा मिटरब्याजी पीडितहरुले प्रशव पीडाजनित समस्याहरु भोग्दै आएका छन् । विगत केही सातादेखि काठमाण्डौं केन्द्रित भई मिटरब्याजी पीडितहरु शान्तिपूर्ण ढंगले संविधानको धारा १७ अन्तर्गत रही आ-आफ्नो अधिकार सम्बोधन होस् भन्ने अभिप्रायका साथ भेला भएका छन् । यसै क्रममा २०८०।०१।०४ गते मिटरब्याजी पीडितहरु काडमाण्डौको शान्तिवाटिकामा धर्ना बसी आफ्नो माग सम्बोधनका लागि सरकारलाई ध्यानाकर्षण गराउँदै अझै प्रभावकारी तवरले ध्यानाकर्षण होस् भन्ने उद्धेश्यले शान्तिवाटिकाबाट भद्रकालीतर्फ लाग्दा सुरक्षा निकायले बल प्रयोग गरेको र सो बाट केही मिटरब्याजी पीडितहरु घाइते भई उपचाररत रहेका छन् । सो घटनाले जनताको मौलिक हक अधिकार अन्तर्गत रहेको विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा शान्तिपूर्वक भेला हुने स्वतन्त्रतामाथि गम्भिर उल्लंघन भएको छ ।

मिटरब्याजी पीडितहरुको पीडामाथि झन पीडा थपिनु लोकतान्त्रिक सरकारको कथमपी कार्य हुन सक्दैन । मानव अधिकारको संरक्षण र संवर्द्धन राज्यले गरिदिनु हुन र पीडितहरुको स्वास्थ्य उपचारको साथै अविलम्ब कानुनमा संशोधन गरी राज्यले सो समस्या समाधान गरी दिनु हुन अभिप्रायका लागि आयोग अपिल गर्दछ ।

सविता डंगोल
सविता डंगोल
उपसचिव